# त्यो महिला ईजेबेल

Branham Tabernacle in Jeffersonville, Indiana, U.S.A

12 मई 1954

1 नेपाली

2 त्यस स्त्री इजिबेल

3 विलियम म्यारियन ब्रन्हाम

4 १

त्यस स्त्री इजिबेल

5 प्रकाश २:२० "तर तिम्रो विरुद्धमा मैले यो भन्नु छ : तिमी इजिबेल भन्ने स्त्रीलाई सहन गर्छौ । त्यसले आफैलाई अगमवादिनी भन्छे , र मेरो सेवकहरुलाई व्याभिचार गर्न र मूर्तिहरुलाई चढाएको भोजन खान सिकाउछे , र यसरी तिनीहरुलाई बहकाउँछे ।"

6 यो पदसँग अब म चाहन्छु तपाईहरु पद २३ मा तल जानुहोस् र त्यो महान् सत्यको सबूतलाई हेनुहोस् जसमा मैले तपाईहरुको ध्यान सधै आकर्षित गर्न कोशिष गरेको छु । २३ "म त्यसका छोरा -छोरीहरुलाई मानेर्छु । र सबै मण्डलीहरुले थाहा पाउनेछन् , कि म उही हुँ, जसले सबैका

7 मन र हृदयको जाचँ गर्दछु" मैले आज सम्म भन्दै आएको छु की वास्तवमा दुई प्रकारको मण्डलीहरु छन् , यद्यपि पवित्रआत्मा प्रत्येक कालमा ती दुई(मण्डली) लाई सम्बोधन गर्नु हुन्थ्यो कि ती एक हुन् ।

8 यहा यसमा स्पष्ट लेखिएको छ कि संसारमा धैरै मण्डलीहरु छन् र यसले यति स्पष्टसंग भन्छ कि त्यहा केही मण्डलीहरु यस्ता हुन्छन् जसले उहाँ(प्रभू) एक हुनुहुन्छ जो सबैको मन र हृदयको खोज गर्नुहुन्छ जादैनन् छ उहाले तिनीहरुलाई यस कुराको प्रमाण देखाउनुहुनेछ । अब त्यसोभए , ती मण्डलीहरु कुन होलान् जसले यी सत्य कुरा थाहा पाउदैनन् ? पक्कै पनि ती मण्डलीहरु चाहि झुटो दाखरसको समूह हुनेछ किनभने सत्य विश्वासीहरु चाहि यो जान्दछन् कि परमेश्वरको इन्साफ चाहि परमेश्वरको घरबाट हुनेछ , र तिनीहरु परमेश्वरको भय मात्रै हुनाले ती विश्वासीहरू वचनसंग आफुलाई जाँच गर्दछन् ताकि तिनीहरु परमेश्वरको इन्साफमा खडा हुन नपरोन् ।

9 अब किन परमेश्वरले ती झूटो मण्डलीहरुलाई अझै पनि आफ्नो मण्डली भन्दै हुनुहुन्छ ? यस कुराको सच्चाई चाहि तिनीहरु इसाई हुन् तर आत्मामा चाहि इसाई होइनन् । तिनीहरु शारिरिक इसाई हुन् । तिनीहरु परमेश्वरको नाम व्यर्थमा लिदछन् । मर्कूस ७:७ "तिनीहरु व्यर्थमा मरो उपासना गर्दछन् , तर तिनीहरुको शिक्षा मानिसहरुले सिकाइएका विधि मात्र हुन् " तर वास्तवमा यिनीहरु इसाईनै हुन् नत्र अरु के हुन सक्ला त ? एक मुसलमान त मुसलमान नै भनिन्छ किनकी मुस्लिम उसको धर्म हो चाहे उसले

10 २

जस्तोसुकै जिवन जिओस् किनभने उसले कुरानको शिक्षा सिदान्तको प्रति आफ्नो अनुदान प्रकट गर्दछ । यहि तरीकामा एक इसाई तब सम्म इसाईनै भनिन्छ जबसम्म उसले यो मान्छ कि येशू नै परमेश्वरको पुत्र हो , उँहा कन्याबाट जन्मनुभयो , क्रूशमा चढाइयो , मारियो र फेरी जिवीत उठ्नुभयो र उहाँ चाहि मानवजातिको उद्दारकर्ता हुनुहुन्छ आदि (अर्थात् लाउडिकिया

11 युगमा यस्ता मानिसहरु हुन्छन् जसले आफैलाई यसकारणले इसाई भन्छन् किनकि तिनीहरुले येशू ख्रीष्टको राम्रो कुरा र गुणलाई स्वीकार गर्दछन् तर उहाको दिव्य परमेश्वरत्वलाई अस्वीकार गर्ने अधिकारलाई सुरक्षित राख्दछन् । इसाई वैज्ञानिकहरुले यो गरिसकेका छन् र साथसाथै ती समूह जसले ' सामाजिक सुसमाचार ' सुनाउदछन् तिनीहरुले पनि यहि गरेकाछन् ) त्यो चाहि नामको मात्र इसाई हो जो कुनै मण्डलीको सदस्य हो । तर त्यो सत्य र आत्मिक विश्वासी होइन । यस किसिमको विश्वासी तिनीहरु हुन् जो ख्रीष्टको शरीरमा बप्तिस्मा भए र उहाँको भाग भए । जेसुकै होस् तर परमेश्वरको आज्ञा चाहि यो छ कि गहुको साथसाथ सामा पनि उब्जनदिनु र त्यसलाइ "उखालेर नफ्याक्नू । यो परमेश्वरको आज्ञा हो । तिनीहरुको बाधिने र जलाइने दिनहरु आउदैछ र आउन बाकि छ ।"

त्यसैले पवीत्रआत्मा यस मिसेको दुइ झून्डसंग बोल्दै हुनुहुन्छ । एउटा ठाउँमा उहा प्रशंसा दिदैहुनुहुन्छ र अर्कोलाई चाहि ताडना दिदैहुनुहुन्छ । उहाले सत्य विश्वासीहरुलाई के असल हो

12 सो बताइदिनुभएको छ । अब यस झुठो दाखरसको समूह (झुटो मण्डलीहरुले ) चेतावनी दिदै हुनुहुन्छ कि तिनीहरुले परमेश्वर प्रभुको दृष्टिमा न्यायचित ठहरिनको लागि के गर्नुपर्नेछ ।

13 त्यस स्त्री इजिबेल

14 प्रेरित याकूबले हामीलाई पापको बारेमा देखाउनुभएको छ कि पाप कसरी हामीमा बढ्दै जान्छ । याकूब १:१४-१५ , "तर हरेक मानिस आफ्नै खराब इच्छाद्वारा लोभिएर परिक्षामा

३

पर्दछ । तब खराब इच्छाले गर्भधारणा गरेपछि त्यसले पाप जन्माँउछ । अनि पाप पूरै बढेपछि त्यसले मृत्यु ल्याउछ । " अब यहि नै वास्तविक चित्रण हो जुन मण्डली युगमा घटिरहेको छ । जसरी पाप चाही अरु केही बाट होइन तर एउटा विचारबाट आयो , त्यसरीनै मण्डली मात्र एउटा निकोलाइटनको साधारण शिक्षा र चालचलनबाट मृत्यूमा प्रवेश गर्यो । निकोलाइटनको काम र शिक्षाबाट अर्को सिद्धान्त शूरु भयो । र सिद्धान्तबाट बढ्दै त्यसले राज्यको शक्तिलाई आफ्नो कब्जामा पार्यो र पागन विधि (paganism) मण्डलीमा घुसाइदियो । अब यस युगमा मण्डली

15 आफ्नो भविष्यवादिनीको ( शिक्षक ) बाटोमा जान्छन् र त्यसमा तब सम्म तिनीहरु जान्छन् जबसम्म त्यसले आफूलाई अतलकुण्डमा पाउदैन , र त्यहाँ त्यो पूर्ण रुपले समाप्त हुन्छ , र दोस्रो मृत्युमा पुग्छ ।

अब ध्यान दिनुहोस् कि परमेश्वरको चिच्याहट यस चौथो युगको लागि चाहि त्यस भविष्यबादिनीको निन्दा गर्नको लागि हो । र उहाले त्यस स्त्रीलाई निन्दा किन गर्नुहुन्छ भनी जान्नको लागि हामीले त्यस स्त्रीलाई बाइबलको इतिहासमा हेर्नुपर्दछ र जब हामीले त्यस स्त्रीले के गरेको थियो त्यो बाइबलबाट भेट्टाउछौ , तब यस युगमा के भइरसहेको छ भन्ने जान्दछौ ।

16 प्रथम र अति महत्वपूर्ण कुरा हामी इजिबेलको वारेमा यो पाउदछौ कि त्यस स्त्री अब्राहमको छोरी होइनन् (अब्राहमको वशंको होइनन्) , न त उनी इस्रायलको दस कूल मध्यका पर्दथिन् , उनी मोआवी जातिमा थिइन् , रूथलाई जस्तो गरी आत्मिक रितीले शामिल गरिएको थियो । यस स्त्री सिदोनका राजा एताबालको छोरी थिइन् (१ राजा १६:३१) जो अशेरा (Asterte) देवीका

17 पूजाहारी थिइन् । एताबालले आफ्नो राजगद्दी अरुको हत्या गरी लिएका थिए । त्यसैले यस स्त्री इजिबेल एक हत्याराको छोरी थिइन् ( जसले कैनको स्मरण गराउदछ) जुन रितीले उनी इस्रायलमा शामिल भइन् त्यो

18 ४

परमेश्वरको इच्छामा आत्मिक माध्यमबाट थिएन जुन प्रभुले अन्य जातिको प्रवेशको निम्ति ठहराउनुभएको थियो , तर त्यस स्त्री इस्रायलका दशौ कूलको राजा अहाबसंग विवाह गरी इस्रायलमा शामिल भएका थिए । अब जसरी हामी देख्दछौ कि यो संबन्ध आत्मिक होइन , तर राजनैतिक आधारमा थियो । अन्तत : यो स्त्री , जो कि मूर्ती पूजामा पूर्ण तरिकामा डुबेकी थिइ उनको मनमा थोरै पनि एउटै साचो परमेश्वरलाई उपासना गर्ने मन कहिल्यै पनि आएको थिएन,तर त्यो स्त्री त झन् इस्रायललाई परमेश्वरबाट कसरी अलग गर्ने भनी त्यस इच्छा र सोचमा आएकी थिइन्। अब इस्रायल (दश कूल) यो जान्दथ्यो कि सुनको बाछोलाई(मूर्ति) पूजा गरी उनीहरुलाई ठूलो लाभ(भौतिक) हुन्थ्यो, तर अझै पनि इस्रायलले आफूलाई पूजा-पाठ, मूर्तिपूजाको हातमा आफूलाई बेचेका थिएनन् किनकी अझै पनि तिनीहरुले परमेश्वरको उपासना गर्दै त्यस मोसाको व्यवस्थालाई मान्दथे । तर अहाबको इजिबेलसंगको विवाहको

19 समयबाट मूर्तिपूजा भयानक तरिकाले बड्न थाल्यो । जब इजिबेलले मन्दिरमा पूजा गर्न सुरु गरी तब उनले अशेरा (venus) र बालको (Sun God)पूजा गर्न इस्रायललाई लगाइन् ।

20 यो सबै कुरा हाम्रो मस्तिष्कमा राखी हामी यो हेर्नेछौ कि पवित्रात्मा यस थिआटिरा युगमा यो तथ्य किन देखाउदै हुनुहुन्छ त्यो हेर्नेछौ ।

21 अहाबले इजिबेललाई विवाह यस कारणले गरेको थिए ताकि राजनितिक दृष्टिकोणमा आफ्नो राज्यलाई शक्तिशाली र सुरक्षित हुन सकोस् । ठीक यही नै मण्डलीले पनि गर्यो जब

22 मण्डलीले कन्स्टेनटाइनको (constantine) राज्यसंग विवाह गरे । मण्डली र कन्स्टेनटाइन एकसाथ हुनुमा राजनितिक कारण थियो - जसरी अहाब र इजिबेल भए , जबकि बाहिर चाहि आत्मिक देखाएका जस्तो गरेका थिए । अब कन्स्टेनटाइन इसाई -

५

(christian) हो भन्ने कुरामा मलाई कसैले पनि सहमत गराउन सक्दैन । उनी पागन धर्म (Pagan) मान्ने एक मानिस थिए जसमा इसाई धर्मको सजावट देखिन्थ्यो । उनले सिपाहीहरुको विजय-चिन्हको रुपमा सेतो क्रूश अंकित गरे । उनी नै "नाइट्स अफ कोलम्बस"(Knights of Columbus) नामक एक भाइचारामा आधारित परोपकारी क्याथोलिक

23 संस्थाका संस्थापक थिए । उनले संत सोफिया - (st. Sophia ) मण्डलीको शिखरमा क्रूस लगाउने एउटा नया प्रथा सुरु गरे ।

यो कन्स्टेनटाइनको नै विचार थियो कि सबैलाई अर्थात् पागन धर्म पछ्याउनेहरु (Pagans), नामधारी इसाईहरु (Nominal Christian) र सत्य इसाइहरुलाई ( True Christian) एकतृत गराउने र एक समय यस्तो थियो कि तिनी सफल पनि भए किनकी उनले बोलाउदा सत्य इसाईहरु पनि यो सोचेर आएका थिए कि आफ्नो ति भाईहरु जो वचनबाट टाढा हटि वचनमा

24 चुकेका छन् सायद यिनीहरुलाई पदरी वचनमा फर्काउन सकिन्छ कि भनेर उपस्थित भएका थिए । जब यिनीहरुले तिनीहरुलाई सत्य वचनमा फर्काउन सकेनन् तब तिनीहरुले त्यस राजनैतिक सभाबाट आफ्ना नाता तोडिदिए र जब तिनीहरुले यस्तो गरे तिनीहरुलाई नास्तिक भनी दोष लगाइ सताउन र संकष्टमा पार्न सुरु गरियो ।

25 म यो भन्न चाहन्छु कि आज पनि ठीक त्यस्तै नै कुरा यहाँ भइरहेको छ । मानिसहरु एक ठाउ एकिकृत भइरहेका छन् । तिनीहरु यस्तो बाइबल लेख्न थालेका छन् जुन यहूदीलाई पनि,क्याथोलिकलाई पनि र प्रोटेस्टेन्टलाई पनि ठिक हुन्छन्(आफ्नै ढङ्गको बाइबल)। तिनीहरुको आफ्नै निसियन सभा - (Nicean Council)छ तर त्यसलाई तिनीहरु एक्यूमेनियल सभा(Ecumenical Council) भन्दछन् । र तपाईलाई थाहा छ यो

६

सबै संस्थाहरु के को विरुद्धमा लडिरहेका छन् ? तिनीहरु सत्य पेन्टिकोष्टलको ( Pentecostal) मानिसहरुको विरुद्धमा लडिरहेका छन् । यहाँ मेरो मतलब त्यस संगठित मण्डली, पेन्टिकोष्टल नामको मण्डली होइन तर तिनीहरु जो वास्तवमा पेन्टिकोष्टल हुन्

26 (बाइबल अनुसारको इसाई ) किनकी तिनीहरु पवित्र आत्मामा भरेका छन् र तिनीहरु मध्येमा चिन्ह र वरदान प्रकट हुदछ किनकी तिनीहरु सत्य प्रकाशमा हिँडीरहेका छन् ।

27 जब आहाबले इजिबेललाई राजनितिक कारणले विवाह गरे तब उनले आफ्नो जन्मको अधिकार गुमाए (बेचिदिए) । जब तपाई कुनै संगठित मण्डली अथवा नामधारी संस्था - (Denomination) को सदस्य बन्नुहुन्छ तब तपाईले पनि आफ्नो जन्म अधिकार बेच्नुहुनेछ , चाहे तपाई मान्नुस या नमान्नुस तर यहि नै सत्य हो । प्रत्येक प्रोटेस्टेन्ट साखा जो रोमन क्याथोलिकबाट बाहिर आए फेरि तिनीहरु त्यसै भित्र फर्किगए , तिनीहरुले आफ्नो जन्म हक बेचिदिए , र जब हामी आफ्नो जन्म हक बेच्दछौ तब हामी एसावको जस्तै स्थितिमा हुँदछौ, त्यसपछि हामी जतिसुकै रुऔं , कराँऔं र पश्चाताप गरौं तर पनि हाम्रो केही भलो हुदैन । त्यहाँ मात्र एउटा काम गर्न सकिन्छ र त्यो यो हो कि "हे मेरा मानिस हो , त्यसबाट निस्केर

28 आओ , नत्रता त्यसका पापहरुसंग तिमीहरु पनि सहभागी हुनेछौ ..... "(प्रकाश १८ :४) । अब यदि तपाई मेरो यस कुरालाई विश्वास गर्नुहुन्न भने मलाइ मात्र एउटा प्रश्नको उत्तर दिनुहोस् । मलाई कोही व्यक्तिले यो उत्तर दिनुहोस् कि कुन मण्डली वा कुन परमेश्वरको जागृति

29 कार्यबाट एकपटक संगठीत भई नामधारी बनेपछि (Denomination) त्यसबाट बाहिर फर्किआएका छन् र ? इतिहासलाई पढ्नुहोस् । तपाइले एउटा पनि मण्डली यस्तो भेट्टाउनुहुदैन ।

30 ७

त्यसबेला मध्यरातको समय थियो जब इस्रायलले आफूलाई संसारको कुरामा संम्बन्ध राख्यो र राजनितिको लागि आत्मिक कुरा त्यागे । र त्यसबेला पनि मध्यरात समय थियो जब मण्डलीले त्यही कुरा निसियन सभा - (Nicean Council) गरे । र अहिले पनि मध्यरात्रिको समय छ जबकी सबै मण्डली एक भइ एकतृत भइरहेका छन् ।

31 अब जब अहाबले इजिबेललाई बिवाह गरे तब उनले त्यस राज्यको धन इजिबेललाई दिए र अशेरा र बालको पूजा गर्नको लागि ठूलो ठूलो दुईवटा मन्दिर बनाउने स्वीकृति उनले दिए । एउटा मन्दिर जुन बालको पूजा गर्नको निम्ति बनाइयो त्यो यति विशाल थियो कि सारा इस्रायल त्यहा एक साथ जम्मा भई पूजा गर्न सकिन्थ्यो । र जब कन्स्टेन्टाइन र मण्डलीको बिवाह भयो तब उनले मण्डलीलाई ठूलो ठूलो भवन दिए ,मूर्तिहरुको स्थापना गरे र धर्मको शासन पद्धतिको संगठन गरे जुन कि त्यस बेला देखिनै अस्तित्वमा आउन शुरु भयो ।

जब इजिबेलले राज्यको शक्ति पाई, तब उनले आफ्नो धर्म मानिसहरुमा जबरजस्ती ल्याए र परमेश्वरका अगमवक्ताहरु र पूजारीहरुलाई मारिदिए । तब स्थिति यति खराब भयो कि एलिया जो त्यस समयको समाचारबाहक अथवा अगमवक्ता थिए उनले उनी आफूमात्र एक

32 परमेश्वरका जन जिवित बाकी छन् भनी सोचेका थिए तर परमेश्वरले ७००० जन बचाई राखेका थिए जसले बालको अगाडि घुडा टेकेका थिएनन् । र आज त्यस संगठीत मण्डलीहरु बैप्टिस्ट , मेथोडिस्ट , प्रेस्बिटेरियन आदि मध्यबाट यस्तो व्यक्तिहरु हुनेछन् जो त्यहाबाट बाहिर निस्केर आउने छन् र प्रभुमा फर्कनेछन् । म तपाईहरुले यो जानेको चाहन्छु कि मानिसको विरुद्धमा म न त अहिले न कहिले भएको नै छु- तर म त मात्र संस्थागत नामवाला प्रणालीका(Denomination System)

33 ८

विरुद्धमा छु । मलाई यसको विरुद्धमानै हुनुपर्छ किनकी परमेश्वर यसलाई ( Denomination) घृणा गर्नुहुदछ ।

34 आउनुहोस् हामी केही क्षणको लागि यहि रोकेर त्यस कुरालाई दोहोर्याउनेछौ जुन हामीले थिआटिरा युगको मण्डलीको समयमा उपसना भएको देखेका छौ । मैले भनेको थिए तिनीहरुले आफ्नो राजा अपोलो ( सूर्य देवता ) (Apollo) का समेत पूजा गरिरहेका थिए । यस अपोलोलाई

35 “दुष्ट हटाउने” भनि पूजिन्थ्यो । त्यसले मानिसहरुभित्र बाट दुष्ट हटाउथ्यो । अपोलोलाई

मानिसलाई आशिष दिनेवाला वास्तविक ईश्वर बोलाइन्थ्यो । अपोलोको वास्तविक कार्य शिक्षा दिनु थियो । उनले पूजाको विषयमा , मन्दिरको विद्याहरु , ईश्वरको सेवाको तरीका , र वलिदान र मृत्यु र मृत्यु पश्चातको जीवनको विषयमा शिक्षा दिन्थे । र उनले यो चाहि एक

36 अगमवादिनीको मार्फतबाट दिदथे जो आफ्नो कुर्सीमा बसी सम्मोहित अवस्थामा उपदेश दिने गर्थी । हे प्रभू! के तपाई तथ्यलाई देख्दै हुनुहुन्छ ? यहा त्यही भविष्यवादिनी बसेकी छे र मानिसहरुलाई शिक्षा दिइरहेकी छे जसलाई इजिबेल भनिन्छ र त्यसले त्यसको शिक्षाले मानिसहरुलाई झन् बहकाइरहेकी छे , र व्याविचारको कारण बनीरहेकी छे - अब हेर्नुहोस् कि व्याविचारको अर्थ मूर्तिपूजा हो । यसको आत्मिक अर्थ त्यो हो कि यो एक अवैध मिलनको नाम हो । अहाब र कन्स्टेन्टाइन दुवैको आफ्नो आफ्नो मिलन अवैध थियो । दुवैले आत्मिक रितीले व्यविचार गरेका थिए । प्रत्येक व्यविचारीको अन्त अतलकुण्ड हो । परमेश्वरले यही

भन्नुभएको छ ।

37 अब हेर्नुहोस् , क्याथोलिक चर्च को शिक्षा(चर्च चाहि स्त्री हो) ले परमेश्वरको वचनलाई इन्कार गरेको छ । पोप(Pope) जो आधुनिक संस्करण्को अपोलो (Apollo) हो जसले मानिसहरुलाई मूर्तिपूजा मा शामिल गराएको छ । रोमन क्याथोलिक चर्च मानिसहरुमा एउटा झुटो अगमवादिनी बनेको छ किनभने यसले मानिसहरु बिच परमप्रभुको सत्य

38 ९

वचन खोसेको छ र त्यसमा आफ्नो विचार र सोच थपेको छ । यसले आफ्नो ढङ्गमा मानिसहरुलाई “पापको क्षमाको तरिका; परमेश्वरबाट आशिष पाउने विधिहरु ” सिकाएको छ । उनको धर्माध्यक्ष यस सीमा सम्म झूट बोलेका छन् कि तिनीहरुले न कि यस जिवनमा मात्रै तर मृत्युमा पनि प्रायश्चित गराउन सक्दछन् भनि सिकाउछन् जबकि परमेश्वरको वचनले यस्तो भन्दैन । उनीहरु यो सिकाउदछन् कि प्रार्थना र उनीहरुको प्रार्थना-सभा तथा धनले हामीहरुलाई प्रायश्चित बिना नै स्वर्गमा स्थान दिलाउन सक्दछ र यो पूर्ण तरिकाले झुठो शिक्षा हो । यो कुनै पनि हालतमा परमेश्वरको वचनको प्रकाशको आधारमा छैन तर यो एक डुबेको असत्यमा टिकेको छ ।

39 रोमन क्याथोलिक चर्च पहिले संगठित - (Organization) र फेरी सिधै नामधारी संस्थागत (Denomination) मण्डली मा बद्लेर गयो र झुठो शिक्षा दिनतिर लाग्यो । रोमन क्याथोलिकले यो विश्वास गर्दैनन् कि परमेश्वर आफ्नो वचनमा हुनुहुन्छ भनी । यदि यिनीहरुले विश्वास गरेका भए तिनीहरुले पश्चताप गर्नुपर्थ्यो र फर्किआउनु पथ्र्यो , तर

40 तिनीहरु भन्दछन् प्रभू चाँहि मण्डलीमा पाईन्छ । र यो गलत हो । हेर्नुहोस् तिनीहरुले पानीको बप्तिस्मालाई कसरी परिवर्तन गरे । तिनीहरुले सत्य पानीको बप्तिस्मालाई परिवर्तन गरेर पागन धर्मको उपाधिवाला बप्तिस्मा बनाए । आउनुहोस् म तपाईहरुलाई मेरो व्यक्तिगत अनुभव बताउन चाहन्छु जुन मेलै क्याथोलिक पादरीमा पाएको थिए । एक स्त्री जसलाई मेलै

41 बप्तिस्मा दिएको थिए उनी पछि गएर क्याथोलिक बनिन् । त्यसैले क्योथोलिक पादरी त्यस स्त्रीको विषयमा मसंग कुरा गर्न आए । उहाँले मलाई स्त्रीलाई कुन प्रकारको बप्तिस्मा दिइएको थियो भनि सोध्नूभयो र मैले उहालाई भने कि मैले उनलाई त्यही एकमात्र इसाई बप्तिस्मा दिए जुन म जान्दछु । मैले उनलाई पानीमा डुबाएर “प्रभु येशू ख्रीष्टको” नाउमा दिएको छु । त्यस पादरीले टिप्पणी गरे कि एक

42 १०

समय थियो जब क्याथोलिक चर्चले पनि यही बप्तिस्मा दिन्थ्यो र मैले तुरुन्तै सोधे “कहिले क्याथोलिक चर्चले यस्तो बप्तिस्मा दियो र ? ” किनकी मैले क्याथोलिक चर्चको इतिहास पढेको थिएँ र त्यस पादरीको कथन इतिहासमा कहिल्यै पनि पाएको थिएन । त्यस पादरीले मलाई भन्यो कि यो बप्तिस्मा र यो कुरा पवित्र धर्म शास्त्रमा दिइएको छ - र येशूले नै क्योथोलिक चर्चलाई संगठित गर्नूभएको थियो । मैले सोधे के तपाइले पत्रूस नै क्याथोलिक चर्चको पहिलो पोप(Pope) ठान्नुहुन्छ ?र उनले भने पत्रूसनै पहिलो पोप(Pope) थियो । उनले उनलाई जोर दिएर पहिलो पोप हो भने । मैले सोधे के सामूहिक प्रार्थना यसकारण लेटिन भाषामा पढिने गरिन्थ्यो , ताकि त्यो मूल आधारमा साँचो प्रकारले भइरहोस् र कहिल्यै नबद्लियोस् । उहाँले भन्नुभयो यो कुरा साँचो हो । मैले उहाँसंग भने , म यो सोच्दछु कि

43 उनीहरु आफ्नो शूरुको विश्वासबाट धेरै टाढा गइ सकेका छन् । मैले उहाँलाई भने यदि क्याथोलिक चर्चले शूरुमा (पुरानो समयको क्याथोलिक) प्रेरितहरुको पुस्तकको कुराहरुमा

44 विश्वास गर्दछन् भने त म पनि पुरानो समयको क्याथोलिक हुँ । उहाँले मसंग भन्नुभयो कि पवित्रशास्त्र(Bible) आफै क्याथोलिक चर्चको कामहरुको विवरणका अभिलखे हो र परमेश्वर चर्च ( भवन ) मा पाइनुहुन्छ । मैले उहाँको यो कुरालाई अस्वीकार गरे कि परमेश्वर चर्चमा पाइनुहुन्थ्यो किनभने परमेश्वर त आफ्नो बचनमा हुनुहुन्छ । र परमेश्वर सत्य र हरेक मानिस झुटा ठहरिनेछन् । परमेश्वले प्रतिज्ञा गर्नुभएको छ कि यदि तपाई परमेश्वरको बचनमा केहि थप्नुभयो भने , उहाँले त्यो विपत्ति जुन अन्त्यमा आउनेछ त्यो तपाईलाई बढाइदिनु हुने छ र यदि त्यसबाट केहि घटाइयो भने उहाँले तपाइको भाग जीवनको पुस्तकबाट घटाइदिनु हुनेछ । प्रकाश २२ः१८,२१

45 ११

आउनुहोस् म तपाईहरुलाई बताउने छु कि , रोमन क्याथोलिक चर्च कस्तो प्रकारले यस्तो विश्वास गर्दछन् कि परमेश्वर आफ्नो बचनको सट्टा चर्चमा पाईन्छ भनेर, यहाँ नेर म पोप जोन २३ औ (Pope John the 23rd)को डायरी बाट केहि अंश दिइरहेको छु: "म परमप्रभूको इच्छामा थरथराउदै, काम्दै पोपको रुपमा आफ्नो तीनवर्षको अनुभव को आधारमा यो मान्छु कि मैले यो पदको (दर्जा) सेवाकाइ प्रभुको त्यो इच्छा प्रती आज्ञाकारी भएको कारण स्वीकारेको हुँ", जुन चाहि उनले रोमन क्याथोलिक धर्माध्यक्षहरुले गरेको पवित्र महासभामा गुप्त भेटमा म संग प्रकट गरेमा थिए । त्यही नै यो कुराको लागि म संग गवाही हो र त्यही नै निरन्तर बगिरहने प्रेरणाको कारण हो कि म उहाँ प्रति सदैब सच्चा बनी रहेर परमेश्वर प्रति भरोसा गरु र वर्तमान वा भविष्य सम्वन्धी सबै कुराहरुमा पुरा भरोसा गरिरहुँ । यो पोपले यो भन्छन् कि

46 परमेश्वरले आफ्नो चर्च द्वारा बताउनुभयो , यो उनीहरुलाई प्रकाश दिनुभयो । कति सम्मको झूठो कुरा हो । परमेश्वर आफ्नो बचनमा हुनुहुन्छ र उहाँले आफ्नो इच्छा आफ्नै बचनबाट प्रकट गर्नुहुन्छ । पोपले यो पनि भनेका छन् कि उहाँ सम्पूर्णरुपले मानिसहरुको बचनमा भरोसा गर्नहुन्छ र यसैलाई टिका-टिप्पणी बिना नै मान्नुहुन्छ । यो सबैकुरा सुन्नमा त धेरै सुन्दर लाग्दछ तर यो सबै कति झूठो कुरा हो । ठिकै त्यस्तै प्रकारले अदनको बगैंचामा सुन्दररुपले दोष आएको थियो । अब आउनुहोस् प्रकाश १७ मा हामी त्यो स्त्रीलाई हेरौ जो झूठो

47 चर्च हो,जो परमेश्वरको बचनलाई त्यागेर झूठो भविष्यवाणीमा हिडीरहेकी थिइ । पहिलो पदमा परमेश्वरले यस स्त्रीलाई महाबेश्या भनिरहनुभएको छ । त्यो बेश्या किन छे ? यसकारण कि, ऊ मूर्तिपूजामा मग्न छे, त्यसले मानिसहरुलाई पनि त्यसैमा बाँदेएकी छे । मूर्तिपूजा को उपचार के हो ? परमेश्वरको बचन हो । त्यसैले त्यो स्त्री बेश्या हो किनकी त्यसले बचनलाई छोडी दिएको छ । यहा नेर यो स्त्री धेरै पानीहरुमा बसेकी छे जसको अर्थ हो धेरै मानिसहरु हो । वास्तवमा यो त झूठो चर्च नै हुनुपर्दथ्यो किनभने

48 १२

परमेश्वरको चर्चमा त थोरै मानिसहरु नै हुन्छन्, एकदमै थोरै मानिसहरु जसले यसलाइ(सत्य वचन) पाउछन् ।

यो कुरालाई ध्यान दिनुहोस् कि परमेश्वरको दृष्टिमा यो स्त्री कस्तो छ ,सायद मानिसहरुको

49 नजरमा एकदमै अदभुत किन नदेखीयोस, चाहे उसको स्वरुप एकदमै दर्शानिक प्रतित किन नहोस् तर ऊ आफ्नो व्यभिचारको घृणित मदिराबाट मदहोस छे । अब ऊ शहिदहरुको रगतलाई पीएर मतवाली भइरहेकी छे , ठिक त्यस्तै प्रकारले जस्तो इजिबेल थिई । जसले भविष्य पूजारीलाई र परमेश्वरका ति विश्वासीहरुलाई मारिदिएकी थिई, जसले बाल देवताको सामू

50 उसको उपासना गर्नलाई झूकेका थिए र ठिक यस्तै क्याथोलिक चर्चले पनि गर्यो । तिनीहरुले ति मानिसहरुलाई हत्या गरे , जसले पोपको शासन मान्नलाई अस्वीकार गरे । उनीहरुले मानिसको शब्दहरुलाई होइन परमेश्वरको बचनलाई चाहने विश्वासीहरुलाई मारिदिए र धेरै भन्दा धेरैलाई क्रूर तरिकाले - डरलाग्दो ढंगले घात गरिदिए । किनभने यो चर्च मानिसहरुलाई घात गरी रहेको थियो , आफै मरेतुल्य थियो र त्यसले यो कुरा जान्दैनथ्यो । त्यसमा कुनै पनि जीवन थिएन र कहिल्यै पनि कुनै पनि चिन्ह त्यसमा प्रकट भएको थिएन ।

51 पश्चातापको अवसर :-

प्रकाश २:२१ " मैले तिनीहरुलाई पश्चताप गर्ने समय दिएँ , तर त्यसले आफ्नो व्यभिचारबाट पश्चताप गर्न इन्कार गरी।" के तपाई यो कुरालाई जान्नुहुन्छ कि वास्तवमा यो रोमन क्याथोलिक चर्च अहाब भन्दा धेरै दुष्ट थियो । के तपाईले कहिल्यै सुन्नुभयो कि यसले पश्चताप गरेर परमेश्वरको अगाडि ठीक चालमा हिड्न खोजेको ? तपाई रोमन

52 १३

क्याथोलिक चर्चले पश्चताप गर्यो भन्न सक्नुनै हुन्न । उसले कहिल्यै पश्चाताप गरेन र जो जतिले पश्चताप गरोस् भनि त्यसलाई सहयोग गर्नआए सबैलाई बलपूर्वक नष्ट गरे यहिनै रोमन क्याथोलिक चर्चको इतीहास हो । अब हेर्नुस् कि परमेश्वरले प्रत्येक चर्च युगलाई केवल सुसमाचारदूतहरु मात्रै दिनुभएन तर उहाँहरुको सहायता गर्नको लागि अदभूत सेवकहरुलाई पनि पठाउनुभयो । उहाँले प्रत्येक युगमा आफ्नो केहि अदभूत सेवकहरुलाई पढाउनुभयो र

53 चर्चहरुलाई पुन : परमेश्वरतर्फ फर्काउनको निम्ति उनीहरुले गर्नपर्ने सबै काम गरे । परमेश्वरले वास्तवमा त्यसलाई पश्चाताप गर्ने मौका दिनुभयो र यसको लागी सहयता पनि गर्नुभयो । के कहिल्यै तिनीहरुले पश्चाताप गरे र आफ्नो फलहरुले देखाए ? न त उनीहरुले कहिल्यै पश्चाताप गरे न त उसले कहिल्यै पश्चाताप गर्ने नै छ । त्यो मतवाली भएकी छे र आत्मिक कुराको समझ हराएर बसेकी छे ।

54 अब तपाई भ्रममा परेर यो नसोच्नुस् कि रोमको चर्चमा सन्तहरुको हत्या गर्ने कामहरुमा यस रोमन क्याथोलिक चर्चले पश्चाताप गरेकी छिन् भनि किनकी उ अब प्रोटेस्टेन्ट चर्चहरुसंग एकिकृत हुन आफ्नो नया सिद्धान्त प्रोटेस्टेन्ट चर्चसंग मिलाएको छ । यस रोमन क्याथोलिक चर्चले एक पटक पनि सामूहिक हत्या गरेकोमा क्षमा मागेका छैनन् र यसले सामूहिक हत्या गर्नू गलत थियो भनेको पनि छैन । र क्षमा कहिल्यै माग्ने पनि छैन। यो चर्च जतिसुकै मिठो र मिलनसार बन्न आएता पनि र सफल भएता पनि उ अन्तिममा मार्नलाई उठ्ने छे र मानिसहरुलाई घात गर्नेछे किनकी हत्या त्यसको दुष्ट र पश्चताप रहितको हृदयमा सदानै छ ।

55 १४

बेश्याको विरुद्धमा दण्डको घोषणा :

प्रकाश २: २२-२३ " म त्यसलाई रोग -शैया फालिदिनेछु , र त्यससँग व्यभिचार गर्नेहरुले त्यसले गरेका कामहरुबाट पश्चाताप गरेनन् भने

म तिनीहरुलाई महासंकष्टमा फालिदिनेछु । म त्यसका छोरा छोरीहरुलाई मार्नेछु । र सबै मण्डलीहरुले थाहा पाउनेछन् कि "म उही हुँ" जसले सबैका मन र हृदय जाँच गर्दछ, र म तिमीहरु हरेकलाई तिमीहरुको काम अनुसार दिनेछु" । यो कस्तो कुरा हो? यो स्त्रीको बच्चाहरु छन् ? र ऊ स्वयम बेश्या हो ? यदि मामला यस्तो हो कि बेश्यावृत्ति को कारणले उसको बच्चाहरु छन् भने त उहाँको बचन अनुसार त त्यस बेश्या आगोमा जलाइनेछ । यो कुरा एकदम ठिक हो । यहि त्यसको परिणाम हुनेछ कि

56 त्यसलाई आगोमा जलाइने छ । त्यसको अन्त्य आगोको ज्वाला हो । तर एकछिन रोकिएर त्यसका बच्चाहरुको बारेमा सोंचौ । एक स्त्री द्वारा नै संन्तान उत्पन्न हुन्छ र यस कुराको प्रमाण छ कि यस स्त्रीको बच्चाहरु छन् जुन चाहि उसैबाट उत्पन्न भयो किनकि उनीहरुले पनि त्यहि गरे जुन त्यो स्त्रीले गरेकी थिई ।मलाई कुनै यस्तो चर्च देखाउनुहोस् जुन चाहि त्यस संस्थागत अनुसार नढलेको होस् । एउटै पनि त्यस्तो चर्च छैनन्, एउटा पनि छैन । लुथराइन(Lutherian) त्यसबाट( बेश्याबाट) बाहिर आए र फेरी संगठन भएर नामधारी चर्चमा बदलिए र आज उनीहरु एक्यूमेनिकल (Ecumenical move) आभियानमा फेरी तिनीहरुसंगै हात मिलाएर बसेका छन्, मेथोडिष्ट बाहिर आए र मेथोडिष्ट(Methodist)फेरी पनि संस्थामा ढालिए । पेन्तीकोष्टल(Pentecostals) बाहिर आए र फेरी पनि उनीहरुले नामधारी चर्च बनाए । र अब अर्को एउटा बाहिर आउने प्रक्रिया शुरु भैसकेको छ, अनि यो पटक यस चर्च संस्थामा ढल्नेछैन किनकि उसले सत्यलाई जान्दछे । त्यो मण्डली (चर्च ) अन्तिम समयको दुलही हुनेछ ।

57 १५

अब हेर्नुहोस् कि यहा यो भनिएको छ कि यो बेश्याको बच्चा थिएँ ? उनीहरु त्यसका छोरीहरु थिए किनकी उनीहरु त्यहि चर्च(रोमन क्याथोलिक) जस्तै थियो । अब यहाँ एउटा एकदमै रमाइलो कुरा छ । इजिबेल र अहाबको एउटी छोरी थिइ र त्यस छोरीको विवाह यहोशोपातको छोरा यहोरामसंग भएको थियो जसको बारेमा (२ राजा ८:१८) यस्तो लेखिएको छ अहाबको

58 घरानाले गरेझै तिनी इस्राएलका राजाहरुका चालमा हिंडे किनकि तिनले अहाबको एउटी छोरीलाई विवाह गरे, परमप्रभुको दृष्टिमा जे खराब थियो त्यो तिनले गरे ।यस विवाहको फलस्वरुप सिधै मूर्तिपुजामा हिडे । उसले परमेश्वरसंग डराउने र परमेश्वरको उपासना गर्ने यहूदालाई मूर्तिपुजामा लगाए ।

जस्तो कि मैले तपाईहरुलाई भनिसके यहि सबै ती छोरीहरु रुपि चर्च ( छोरी , झुण्ड चर्च ) ले पनि गरे उनीहरुले सत्यबाट आफ्नो जीवन शुरु गरे र फेरी संस्थागत भएर विवाह रचे र विधिहरु, मतहरु इत्यादिको लागि परमेश्वरको बचनलाई छोडीदिए । अब म यस कुरालाइ

59 खुलेर सम्झाउनेछु । हिब्रु १३ः ७ मा भनिएको छ कि "आफ्ना अगुवाहरुको सम्झना राख , जसले परमेश्वरको बचन तिमीहरुलाई सुनाए । तिनीहरुका जीवनको परिणामलाई ध्यान देओ , र तिनीहरुका विश्वासको अनुकरण गर " । यो त बचन नै हो जसले हामीलाई शासन गर्छ मानिसले होइन । अब हेर्नुहोस कि एक पुरुष भएको कारण पुरुष को स्त्री प्रति अधिकार हुन्छ । उसले त्यसप्रति शासन गर्दछ किनभने चर्च पनि एउटा स्त्री हो जसको शाशक बचन हो, येशू बचन हुनुहुन्छ । यदि उसले बचनलाई अस्वीकार गरेर कसैलाई आफू प्रति अधिकारी ठानी भने त्यो व्यविचारी हो । अब तपाईले मलाई कुनै एउटा मात्र चर्च गन्तिमा देखाउनुहोस् जसले मतहरु र मानिसहरुले बनाएको सिद्धान्तको लागी बचनलाई नत्यागेको होस् । ती सबै व्यविचारिणीहरु छन् - जस्तो आमा त्यस्तै छोरीहरु छन् । यो बेश्या र यसका बच्चाहरुलाई दण्ड के हुनेछ ? हेर्नुहोस् कि यो दण्ड त दोहोरो या दुई भागका हुन्छन् । उहाँले भन्नुभएको थियो कि म तिनीहरु लाई खाटमा हालिदिनेछु । पद २२ को अन्तिम भागको त्यो त महासंकष्टको खाट हुनेछ या

60 १६

घोर संकष्टको समय हुनेछ । यो ठिक त्यहि बचन हो जुन येशुले मत्ति २५ :१-२३मा भन्नुभएको थियो । त्यहाँ दश कन्या थिए जसमा बुद्धिमति कन्यासंग तेल थियो - (पवित्र आत्मा थियो ) जब कि पाँच मूर्ख कन्याहरुसगं थिएन । जब कि तिनीहरुले पनि कराइ रहेका थिए । दुलहा आउनुभयो तब तिनी पाँच मूर्ख कन्याहरु तेलको खोजीमा गए जब कि पाँच

61 बुद्धिमति कन्या विवाहको मण्डपमा प्रवेश गरेका थिए । ती पाँच मूर्ख कन्याहरु जुन छुटेका थिए तिनीहरुलाई घोर संकष्टमा हालियो । ठिक यस्तै गरी ती सबै संग हुनेछ जसलाई दुलहीको रुपमा उठाइने छैन, यस्तै नै त्यो बेश्या र त्यसका छोरीहरुसंग हुनेछ । दोस्रो कुरा उहाले यो भनिरहनु भएको छ कि म तिनीहरुलाई मृत्युले मारिदिने छु र उहाँको अर्थ यो हुनेछ कि

62 तिनीहरुलाई मृत्युमा हालिने छ कि मृत्युले तिनीहरु मारुन् । यो अचम्को शब्द भनिएको छ । हामी यो भन्नसक्छौ कि एक व्यक्तिलाई फाँसी दिएर मारे पनि या बिजुलिको झट्का दिएर होस् या कुनै अर्कै किसिमले मारियोस तर पनि यो त भनिने नै गरिन्छ कि ,मृत्यु दण्ड दिएर मारियो । मृत्यु त ऊ आफै (स्वयम) को मृत्युको कारण हो । अब म चाहान्छु कि तपाईले

63 यसलाई सफा तरिकाले पुरै तरिकाले जान्नुस् , यसकारण म फेरी पनि इजिबेलको पुत्रीको उदाहरण दिन्छु जसको विवाह यहूदाको कुलबाट भएको थियो र त्यसले उसलाई मूर्ति पूजामा लगे र परमेश्वरले यहूदालाई मृत्युमा हालिदिनलाई बाध्य पारेका थिए । यहि बालमले पनि गरेका थिए । अन्ततः यहा इजिबेल छ जो आफ्नो पागन धर्ममा लिप्त छ । उता त्यहाँ यहुदा

64 जो परमेश्वरको उपासना गर्दथे र उहाँको बचनमा जिउने गर्दथे । अन्ततः इजिबेलले आफ्नो छोरीको बिवाह यहोरामसंग गरिदिई । जुन क्षण बिवाह भयो तब यहोराम आफ्नो मानिसहरुमा मूर्ति पुजाको कारण बने । उसको आत्मिक मृत्यु भैसकेको थियो । जब रोमको प्रथम चर्च संगठिक या संस्थागत भयो तब उनीहरु मरे । जुन क्षण लुथराइन संस्थागत चर्चमा लिप्त भए उनीहरु मरे, मृत्युले उनीहरुलाई जकडियो । अन्तमा पेन्टीकोष्टल आए र उनीहरु पनि नामधारी संस्थागत चर्चमा बदलिए र पवित्रआत्माले उनीहरुलाई छोडेर

१७

गयो , हुन सक्छ कि उनीहरुले यस कुरालाई विश्वास गर्दैनन् । तर परमेश्वरले यहि नै गर्नुभयो । तिनीहरुका त्यो बिवाहले तिनीहरुमा मृत्यु आयो । तब त्यसपछि परमेश्वरत्वमा एउटै परमेश्वर हुनुहुन्छ भन्ने प्रकाश र "वन - नैस"(Oneness)हरु आए , र फेरी संस्थागत बनेर मरे । तब १९३३ मा जब परमेश्वरको आगोको ज्वाला ओहाइयो नदिमा(Ohio River) ओर्लेर आयो तब पुरै दुनियामा दिव्य चंगाईको सेवाकाई फैलियो तर यो सबै कुरा कुनै पनि संस्थागत चर्चबाट आएको थिएन । परमेश्वर पेन्टीकोष्टल समूहहरु तथा सबै संस्थागत चर्चहरुबाट

65 बाहिर आएर यो सबै गरिरहनुभएको थियो र भविष्यमा पनि जो उहाँले गर्नुहुन्छ , उहाँले संस्थाबाट(Denomination) बाहिर भएर नै गर्नुहुन्छ । परमेश्वरले मूर्दाहरुबाट केहि पनि गर्नुहुन्न । उहाँले त केवल आत्मिकरुपले जिवित मानिसहरुद्वारा मात्रै काम गर्नुहुन्छ र ति जिवित मानिसहरु बेबिलोनबाट बाहिर आइसकेका छन् ।

66 अन्ततः तपाईले देख्नुभयो कि "मृत्यु" या संस्थागत यहाँ आयो र चर्चहरु मृत भए । यसलाई अझै सरल तरिकाले भन्ने हो भने त्यहाँ तिनीहरुमा मृत्युले वास गर्न लाग्यो जहाँ केहि समय पहिला जीवनले राज्य गरेको थियो । जुन प्रकारले त्यो मूल हव्वाले पुरै मानवजातिलाई मृत्युमा ल्याइन् । त्यस्तै नै संस्थागत चर्चहरु मृत्यु लिएर आए ।त्यसैले संगठित र संस्थागतचाहि दुई भ्रष्ट विचारबाट आयो जुन चाहि निकोलाइटनको शिक्षा, बालमको शिक्षा हो जसलाई झुटो भविष्यवादिनी इजिबेलले प्रचार गरिन् । अब हेर्नुस त, हव्वाको त्यो भयानक कुकर्मको लागि

67 सर्प सँगै उसलाई भष्म गर्नुपर्ने थियो । तर बिचमा आदम आएर छिट्टै नै कुरा आफूमाथि लिए ताकि उसलाई बचाउन सकोस् तर जब यो शैतानी धर्म पुरा समय वा काल पार गर्छ , तब फेरी बीचमा बचाउन आउने कोहि हुने छैन र त्यसलाई त्यसको सर्पसँगै आगोले जलाईने छ । साथै उनीहरुलाई बहकाउनेहरु त्यो बेश्या , र त्यसका छोरीहरु, मसीह विरोधीहरु र शैतानले आफ्नो स्थान अतलकुण्डमा पाउनेछ । ठिक यहाँनेर म यहि सोची रहेको छु,जुनचाहि अन्तिम चर्च युगको विषयमा

68 १८

भन्नेछु । तर मलाई त्यस विषयको कुराको उल्लेख अहिले गर्नलाई ठिक हुन्छ जस्तो लागिरहेछ किनभने यसले यो संस्थाहरु र यिनीहरुबाट उत्पन्न हुने प्रभावहरुलाई धेरै सफा गरी उजागर गर्ने कुरा छ । म तपाइलाई चेतावानी दिन चाहन्छु । प्रकाश १३ : १-१८ मा यस्तो लेखिएको छ □

69 "र मैले एउटा पशु जसका दशओटा सीङ र सातओटा शिर थिए । र त्यसका सीङमा दशओटा मुकुट थिए, त्यसका शिरमा इश्वर - निन्दाको नाउँ थिए । मैले देखेको त्यो पशु चितुवा जस्तै थियो, त्यसका खुट्टाहरु भालुका जस्ता थिए । र त्यसको मुख सिहंको जस्तो थियो । त्यस अजिङ्गरले त्यस पशुलाई आफ्नो शक्ति र आफ्नो सिंहासन र ठूलो अधिकार दियो । त्यसको एउटा शिरमा चाहि घातक चोट लागेको जस्तो देखिन्थ्यो,तर त्यो चोट निको भयो । अनि सारा पृथ्वी छक्क परेर त्यस पशुको पछि पछि लाग्यो । मानिसहरुले अजिङ्गरको पुजा

70 गर्दथे , किनकि त्यसले आफ्नो अधिकार पशुलाई दिएको थियो । तिनीहरुले यसो भन्दै पशको पुजा गरे," यो पशु जस्तो अरु को छ ? यसको विरुद्धमा को लड्न सक्ने ?" त्यसलाई अहङ्ककारी र ईश्वर- निन्दक शब्दहरु उच्चारण गर्ने मुख दिइयो । त्यसलाई बयालीस महिनासम्म अधिकार चलाउने अनुमति दिइयो । परमेश्वरको निन्दा गर्न , उहाँको नाउँ र उहाँको वासस्थान , र स्वर्गमा बस्नेहरु समेत सबैको निन्दा गर्नलाई त्यसले आफ्नो मुख खोल्यो अनि त्यसलाई सन्तहरुसंग लडाई गर्न र तिनीहरु लाई जित्न अनुमति दिइयो । सबै कूलहरु , मानिसहरु , भाषाहरु र जातिहरु माथी त्यसलाई अधिकार दिइयो । र पृथ्वीमा वास

71 गर्ने सबैले त्यस पशुको पुजा गर्नेछन् , अर्थात तिनीहरुले , जसको नाऊँ संसारको सृष्टिदेखि नै मारिनु भएका थमाको जीवनको पुस्तकमा लेखिएको छैन । जसको कान छ त्यसले सुनोस- कैदमा जानुपर्ने कैदमा नै जानेछ, मारिनेचाहि तरवारले नै मारिने छ । संन्तहरुको सहनशीतला र विश्वास यसैमा छ । अनि पृथ्वीबाट निस्कीरहेको अर्को एउटा पशु मैले देखे । त्यसको पनि

72 थुमाको जस्तै दुइवटा सिङ्ग थिए , र अजिङ्गरजस्तै त्यो बोल्दथ्यो । त्यसले पहिलो पशुको उपस्थितिमा

१९

त्यहि पशुको सारा अधिकार चलाउदथ्यो , र पृथ्वी र त्यसका सम्पुर्ण बासिन्दाहरुलाई पहिलो पशुको पुजा गर्न लाउन्थ्यो , जसको घातक चोट निको भएको थियो । मानिसका आँखाको अगि

आकाशबाट पृथ्वीमा आगो झार्ने जस्ता ठूला-ठूला चिन्हहरु पनि त्यसले गर्यो । पहिलो पशुको उपस्थितिमा जुन चमात्कार देखाउने शक्ति त्यसलाई दिइएको थियो , त्यहिद्वारा त्यसले

73 पृथ्वीका बासिन्दाहरुलाई बहकायो । तरवारको चोट खाएर पनि जीवीत भएको त्यस पहिलो पहिलो पशुको सम्मानमा एउटा मूर्ति बनाउने हुकुम त्यसले तिनीहरुले दियो । त्यस पहिलो पशुको मूर्तिमा सास हालिदिने अनुमति त्यसलाई दिइयो , यस हेतुले कि पशुको मूर्तिलाई मारिऊन □

74 अनि त्यसले साना र ठूला , धनि र गरिब , फुक्का र कमारा सबैलाई तिनीहरुका दाहिने हात वा निधारमा छाप लगाउन लायो । त्यो छाप नभईकन कसैले पनि किन मेल गर्न नपाउने भयो । त्यो छाप चाहि त्यो पशुको नाउँ वा त्यसका नाउँको संस्या हो । बुद्धिमत्ता यसैमा छ : जसको

75 समझ छ , त्यसले त्यस पशुको संख्या जोडोस् , किनकि त्यो कुनै मानिसको संख्या हो , र यो संख्या चाहि छ सय छयसट्टी हो" । यो अध्ययनले रोमन क्याथोलिक चर्चहरुको शक्तिलाई देखाउदछ र यो पनि हो कि उसले आफ्नो संस्थागत चर्चहरुद्वारा भविष्यमा के के गर्नेछन् । याद राख्नुहोस् यो झुठो दाखको रुख हो चाहे तिनीहरुले प्रभुको नाम किन नलिउन् , तिनीहरुले

76 उहाँ (प्रभु) को नाउलाई झुठो ठहराइरहेका छन् । तिनीहरुको अधिपति प्रभु हुनुहुन्न तर शैतान हो, अन्तमा तिनीहरुको परिचय पुर्ण तरिकाले पशुसंग हुन्छ । चहाकिलो सेतो रंगको पशुमाथि बसेकी त्यो बेश्या स्पष्ट तरिकाले उसले आफ्नो शक्तिको प्रकट गरिरहेकी थिई, कि उसको बल शैतानतर्फ बाट थियो र त्यो हाम्रो परमेश्वर प्रभु येशू मसीह को तर्फ बाट थिएन । १७ : पदले

77 जोड दिएर यो भन्दछ कि त्यसले यस धर्तीको -(पृथ्वीको सबै आर्थिक - कारोबार) लेनदेन गर्ने अधिकार आफ्नो हातमा लिनेछ , किनकि त्यो बिना कसैले न केहि किन्न सक्छन् , न त बेच्न । यो सबै कुरा प्रकाश १८ : १-१८ मा भनिएको छ , जसले गर्दा तिनीहरुको सम्वन्धमा थाहा हुन्छ जुन विभिन्न राजाहरु , राजकूमारहरु ,व्यापारिहरुसँग हुन्छ , र जसलाई रोम वा वाणिज्यसगँ सन्बन्ध बनाउनै पर्ने हुन्छ । प्रकाश १३: ३४ मा हामीले

78 २०

पाउछौँ कि त्यो पशुले आफ्नो प्रभाव त्यो मूर्तिद्वारा फैलायो जुन उसको लागि बनाएको थियो ,त्यो मूर्ति विश्व स्तरकोमा बनाइएको थियो आजको एक्यूमैनिकल सभा नै हो जसको अर्थ हो सबै चर्चहरुको महासभा जबकि यसमा सबै नामधारी चर्चहरु रोमन कैथोलिक चर्चहरुसँग एउटै मञ्चमा आउनेछन् (आज तिनीहरु यस्तै गर्दैछन्) यो कुराको सम्भावना छ कि यस संघ द्वारा त्यो साम्यवाद को ताकत वा बढोत्तरीलाई रोकिदिने छन् । किनकि नबुकदनेजरको मूर्ति समान,किनकि सम्यवादलाई यसैको निम्ति उठाएको हो कि यसले त्यो बेश्याको देहलाई भस्म गरोस् , त्यसपछि रोममा उसको बिजय हुन्छ र रोम बरबाद हुनेछ □ यो कुरालाई ध्यान दिनुस कि जहाँ-जहाँ रोमन चर्च त्यहाँ-त्यहाँ साम्यबाद

पनि पुगेको छ । त्यो यस्तै प्रकारले हुनुपर्ने

79 थियो र अब म तपाईहरुलाई अहिले एउटा चेतावानी दिदैछु कि यो नसोच्नुहोस् कि साम्यबाद तपाईको एउटा मात्र शत्रु हो । होइन श्रीमान् यो क्याथोलिक चर्च पनि तपाई को शत्रु हो र साम्यवाद भन्दा पनि अझै बढि शत्रु हो । अब आउनुहोस् हामी प्रकाश १३ः१-४ पढौ यसलाई प्रकाश १२ः१-५ लाई मिलाएर हेरौ प्रकाश १३ः१-५ मा लेखेको छ , "र मैले एउटा पशु जसका दशओटा सीङ र सातओटा शिर थिए । र त्यसका सीङमा दशओटा मुकुट थिए, त्यसका शिरमा इश्वर - निन्दाको नाउँ थिए । मैले देखेको त्यो पशु चितुवा जस्तै थियो, त्यसका खुट्टाहरु भालुका जस्ता थिए । र त्यसको मुख सिहंको जस्तो थियो । त्यस अजिङ्गरले त्यस पशुलाई

80 आफ्नो शक्ति र आफ्नो सिंहासन र ठूलो अधिकार दियो । त्यसको एउटा शिरमा चाहि घातक चोट लागेको जस्तो देखिन्थ्यो,तर त्यो चोट निको भयो । अनि सारा पृथ्वी छक्क परेर त्यस पशुको पछि पछि लाग्यो । मानिसहरुले अजिङ्गरको पुजा गर्दथे , किनकि त्यसले आफ्नो अधिकार पशुलाई दिएको थियो । तिनीहरुले यसो भन्दै पशको पुजा गरे," यो पशु जस्तो अरु

81 को छ ? यसको विरुद्धमा को लड्न सक्ने ?" त्यसलाई अहङ्ककारी र ईश्वर- निन्दक शब्दहरु उच्चारण गर्ने मुख दिइयो । त्यसलाई बयालीस महिनासम्म अधिकार चलाउने अनुमति दिइयो "। अब प्रकाश १२ः१-५ हेर्नुस् , फेरी "स्वर्गमा एउटा आंश्चर्य जनक चिन्ह देखियोः सूर्य पहिरेकी

82 एउटी स्त्री देखा परी , जसको पाउमुनि चन्द्रमा थियो , र त्यसले शिरमा बाह्रओटा ताराको मुकुट लगाएकी थिई , त्यो गर्भवती थिई , र जन्माउने अवस्थाको पीडामा प्रसवबेदनाले चिच्चाइरहेकी थिई । अनि स्वर्गमा अर्को एउटा चिन्ह देखियो : सात ओटा शिर दश ओटा सीङ्ग र शिरमा सात ओटा मुकुट

२१

लाएको एउटा ठूलो रातो अजिङ्गगर देखा पर्यो । त्यसको पुच्छरले स्वर्गको एक तिहाई ताराहरुलाई सोहोरेर पृथ्वीमा फालिदियो । बालक जन्मनासाथ त्यसलाई निलिहाँलू भनि त्यो अजिङ्गर बालक जन्माउन लागेकी स्त्रीको सामु खडा थियो । त्यस स्त्रीले सारा जातिलाई फलामको डण्डाले शासन गर्ने एउटा छोरो जन्माई । त्यसको बालक परमेश्वरकहाँ उठाएर उहाँको सिंहासनमा लागियो ।" यी दुबै पशुहरुमा शैतान वा त्यसको शैतानिक धर्म थियो । प्रकाश १४ मा दिइएको पशु , जसको प्राणघातक चोट लागेको थियो र उ फेरी निको भएको थियो , यो शाही पागन रोमन राज्य थियो जसलाई कि जंगली जातिहरुले तहसनहस गरी

83 दिएको थियो , र यसप्रकार पागन रोमले आफ्नो धार्मिक शक्ति हराएको थियो । तर तिनीहरुले

फेरी त्यस पपल(Papal-Pope) शक्तिलाई हाशिल गरे । के तपाईले यो कुरालाई देख्नु - थाहा ) गर्नुभएको छ ? त्यो राज्य जसले सबैलाई नाश गरेर कुचिएर शासन गरेको थियो र जुन चाहि सबै भन्दा धेरै शक्तिशाली भनेर चिनिन्थ्यो , अन्तमा त्यसैलाई प्राण घातक चोट लागेको थियो । त्यसको भौतिक सैन्य शक्ति जसको कारण त्यसले अर्कोलाई शासन गर्दथ्यो , त्यो समाप्त भएको थियो । किनभने कन्स्टेनटाइनद्वारा(Constantine) को समयमा उसले फेरी जीवन पायो किन पोप शाही जुन पुरा दुनियामा फैलियो(छायो) र त्यसको शक्ति असिम बनेको

84 थियो र अब राजाहरुलाई व्यापारीहरुको प्रयोगमा ल्याउन थाले र आफ्नो घातक धर्म वा धन सामर्थको बलमा यस वर्तमानकालमा एउटा दावीको रुपमा आफ्नो शासन चलाइरहेका छन् । त्यहि त्यो आजिङ्कर हो जसले त्यो स्त्रीको छोरालाई निलिहालु भनेर प्रतिक्षा बसेको थियो हेरोदियसले प्रभु येशुलाई मार्न चाह्यो तर त्यो सफल हुन सकेन । पछि बाट येशुलाई रोमन सिपाहिहरुले क्रुसमा चढाए तर आज उहाँ स्वर्गमा सिहांसनमा हुनुहुन्छ । अब यी कुराहरुमा नै

85 जुन मैले अहिले भनेको छु , तपाईले दानियलको सपनालाई पनि याद गर्नुस् । त्यो मूर्तिको अन्तिम भाग अर्थात् संसारको अन्तिम शासनात्मक शक्ति खुट्टामा देखिएको थियो । त्यो फलाम र माटोको बनेको थियो । हेर्नुहोस् फलाम चाहि रोमन राज्य हो तर अब त्यो फलाम रहेन । त्यसमा माटो मिसिएको छ । तर पनि त्यो अस्तित्व मा नै छ र संसारभर को प्रजातंत्रिय वा निंरकुशात्मक दुबै प्रकारको देशहरुमा तिनीहरुको कामकाज मा दखल राख्दछन् । रोमन कैथालिक चर्च सबै देशमा छ र ऊ सबै कुरामा मिल्ने-जुल्ने गर्छ ।

२२

यो माटो र फलाम मिसिएको बारेमा म अरु केहि भन्ने छु याद गर्नुहोस कि जब कुश्चेवले(Krushchev) संयुक्त राष्ट्र संघको टेबलमा आफ्नो जुत्ता ठटाएर बोलेका थिए , त्यो समयमा त्यहाँ पाँच पूर्वि र पाँच पश्चिमी राष्ट्र उपस्थिप थिए । पूर्वी देशको पक्षबाट कुश्चेवले ((Krushchev)) पश्चिमी देशको पक्षबाट राष्ट्रपति आइजेनहोवर (Pres. Eisenhower)

86 बोलेका थिए । रुसी भाषामा कुश्चेवको अर्थ "माटो" हो र आइजेनहोवर को अर्थ " फलाम " हो । संसारको दई प्रमूख नेता साथ साथ त्यहाँ बसेका थिए, त्यो फलाम र माटोले बनेको ती दुई ठूलो कुर्कुच्चो त्यहाँ बसेका थिए । हामी अब त्यो मूर्तिको एकदम अन्तिम चरणमा आईपुगेका छौ ।

87 पद ४ मा तिनीहरुले सोध्छन् कि" को पशुको विरुद्ध लड्न सक्छ ?" अब , यो वर्तमान समयमा संसारमा केहि महान् नाामहरू छन्,त्यहा केहि शक्तिशाली राष्ट्रहरू छन् । तर यो समय ठिक ' रोम ' नै सबै भन्दा माथी छ र पोप(Pope) नै संचालनको कू बसेको छ । उसको शक्ति बढ्दै गैरहेको छ ,त्यसको विरुद्धमा कोहि लड्न सक्दैन, को उसको विरुद्धमा लड्न सक्छ ?

पद ६ ले भन्छ कि "उसले निन्दाको लागि आफ्नो मुख खोल्यो ।" - (त्यसले मानिसहरुको विधिहरुलाई धर्मको उपदेश बनाएर सिकाउछन्, अपस्वार्थी , अहमता, बिलास, सुःखको चाहाना

88 गर्नेहरु , परमेश्वरको भेष लिने र परमेश्वरको सामर्थको अस्वीकार गर्नेहरु ) त्यसले परमेश्वरको नामको निन्दा(येशू ख्रीष्ट) ग¥यो र त्यो नामलाई उपाधिमा(पिता,पुत्र र पवित्रआत्मा) परिवर्तन गरिदियो र (साँचो) सक्कली नामलाई लिन देखि इन्कार ग¥यो ।

89 पद ७ मा "अनि त्यसलाई सन्तहरुसंग लड्न र तिनीहरुलाई जित्न अधिकार दिइयो ।" सन्तहरुलाई सताउन साँचो विश्वासीहरु लाई मृत्यु र त्यो सबै प्रभुको नाममा गर्न ताकि उहाँको नामको निन्दा गर्न सकोस् । जस्तो कि रुसमा भैरहेको छ । यो यसकारण भएको हो किन कि रोमन कैथोलिक चर्चहरु (धर्म ) ले उनीहरु संग यहि गरेका थिए ।

90 २३

पद ८ मा मानिसको छ , "र पृथ्वीमा वास गर्ने सबैले त्यस पशुको पूजा गर्नेछन् अर्थात् तिनीहरुले जसको नाउ संसारको सृष्टि देखि नै मारिनु भएको थुमाका जीवनको पुस्तकमा लेखिएको छैन ।"

परमेश्वरलाई घन्यवाद होस् कि भेडाहरुले त्यसको पूजा गर्नेछैनन् । के मात्रै चुनिएकाहरुलाई छोडेर बाँकी सबैले धोका खाने छन् ।तर चुनिएकाहरुले चाँहि धोका खाने छैनन् । किनभने उनीहरुले आफ्नो गोठालाको सोर सुन्छन् र उहाँको पछि हिड्छन् ।

91 तब, अब यो हेर्नुस् , जुन कुरा हामीले तपाईलाई देखाउने कोशिस गरिरहेको छौ । मृत्युको यो संस्थागत बनाउने यो बीउ , जसको शुरुवात पहिलो चर्च (मण्डली) युगमा भएको थियो , अब शुरुवातको बीउ बढ्दै -बढ्दै एउटा रुख बनिसको छ , जसको छायामा प्रत्येक दुष्ट र गलत चराहरुले बासस्थान बनाएका छन् । त्यसले आफूलाई जीवनदाता ठोकुवा गरे पनि वास्तवमा त्यसले त मृत्यु दिदछ । त्यसको फल 'मुत्यु' हो । जस जसले त्योसंग भागीदारी राख्छन् ,

92 तिनीहरु मरीसकेका छन् । संसारको यो शक्तिशाली चर्च र यसको त्यो तंत्र , जुन मानिसहरुलाई मूर्ख बनाएर भन्छ कि त्यसमा भौतिक र आत्मिक उद्धार छ,त्यसले हजारौ लाखौ मानिसहरुलाई धोका दिएर उनीहरुलाई नाश गरी रहेको छ । तर त्यो केवल मूर्दाको नमूना मात्र नभएर, यो मृत सडेको मासु भएको प्राणी स्वंय पनि मुर्दा रुप दिनेवाला हो ,यो स्वंय पनि मृत्युले मारिने छ जुन अतलकुण्ड हो । ओह त्यो मानिसले तब सोच्ने छ कि त्यो संग बसेर कसरी हाम्रो अन्त भयो । "मानिसहरु तिनीहरुबाट बाहिर निस्केर आऊ तिमीहरु किन मरिरहेका छौ ?"

93 अन्तिम चेतावनी

94 प्रकाश २:२३ "र म त्यसको बच्चाहरुलाई मृत्युले मार्नेछु तब सबै मण्डलीहरुले थाहा पाउनेछन् कि म उहि हुँ,जसले सबैका हृदय र मनलाई जाँच गर्दछ र म तिमीहरु हरेकलाई तिमीहरुका काम अनुसार दिनेछु ।" परमेश्वर हृदयलाई हेर्नुहुन्छ । यो नियम उहाँले कहिल्यै फेरिएन र न त कहिल्यै फेरिन्छ । जस्तो कि प्रत्येक युगमा छ यहाँ पनि दुई प्रकारका समूह छ र दुबैले यो ठोकुवा गरी रहन्छन् कि उनीहरुले परमेश्वरको प्रकाश

95 २४

पाएका छन् तथा यो कि दुबै को सम्बन्ध परमेश्वर संग भइरहेको छ । तर परमेश्वरको दृढ जग खडै रहन्छ, र त्यसमा यो छाप लागेको छ , कि "प्रभुले आफ्ना जातिलाई चिन्नु हुन्छ : जो कोहिले प्रभुको नाम लिन्छन् तिनीहरु अधर्मबाट बाँची रहून ।" ( २ तिमोथी २:१९ ) प्रभुले हृदयको जाँच गर्नुहुन्छ । अंग्रेजी भाषाको यो शब्द 'सर्च'- ( search ) 'जाँच्ने' को अर्थ ( to track or follow up ) पछि लाग्नु । परमेश्वरले हाम्रो विचारलाई जाँच्नु हुन्छ । उहाँलाई थाहा

96 हुन्छ कि हाम्रो हृदयमा के छ । उहाँले हाम्रो कामलाई हेर्नुहुन्छ जुन चाहि निश्चित प्रकारले उहाँलाई प्रकट गर्ने गर्छौ जुन हाम्रो भित्र भरिन्छ । हाम्रो हृदय भित्रबाट या त धार्मिता प्रकट हुन्छ या दुष्टता हाम्रो बिचार , हाम्रो उद्धेश्य सबै उहाँलाई थाहा छ किनकि उहाँले हाम्रो प्रत्येक कार्यको दृष्टि लाउनुहुन्छ र जब हाम्रो जीवनको लेखा-जोखा लिईन्छ तब प्रत्येक कार्यको हाम्रो सबै कुराहरुलाई न्यायको सामुने ल्याउनु पर्नेछ । झुटो दाखको बोटलाई त परमेश्वरको सामुने

97 भयनै थिएन र त्यसको मृत्युको ज्याला तिनीहरुले तिर्नुपर्नेछ । यदि तिनीहरु सबैले उहाँको नाउलाई अपनाएको भए र यस्तो जीवन बिताएको हुँदाहुन् त तिनीहरु सन्त भनिने थियो। हामीले मानिसहरुलाई त मूर्ख बनाउन सक्छौ तर परमप्रभूलाई कदापि सक्दैनौ ।

98 सम्पर्क : ezra.biblia@yahoo.com

अनुवाद : पिटर गोले

इण्ड टाइम म्यासेज चर्च,

काठमाडौँ, नेपाल

MESSAGE online hub

www.messagehub.info

द्वारा उपदेश

विलीयम मेरियन ब्रान्हाम

....ती दिनहरुको आवाजमा ...प्रकाश १०:७